# भारतमा संक्रमण दर बढेको बढ्यै



**काठमाडौं/एजेन्सी–** भारतमा कोरोनाभाइरसबाट संक्रमित भएकाहरुको दैनिक सङ्ख्या दिनप्रतिदिन वृद्धि हुँदै गइरहेको छ। पछिल्लो २४ घण्टामा अहिलेसम्मकै सबैभन्दा धेरै ९७ हजार ५७० जना संक्रमित भएको अधिकारीहरुले शनिबार जानकारी दिएका छन् । योसँगै भारतमा कोरोनाभाइरसबाट अहिलेसम्म कुल संक्रमितहरुको संख्या ४६ लाखभन्दा बढी पुगेको देखिएको छ ।

संघीय (केन्द्रीय) स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार भारतमा कोरोनाकै कारण मृत्यु भएकाहरुको कुल संख्या अहिलेसम्म ७७ हजार ५ सय नाघेको छ। कुल मृतकमध्ये एक हजार २०१ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको पनि मन्त्रालयले शनिबार जनाएको छ ।

भारतमा कोरोनाका कारण अहिलेसम्म कुल ४६ लाख ६६ हजार भन्दा बढी संक्रमित भएको अधिकारीहरुले जनाएका छन् । ती मध्ये ३६ लाख २६ हजार भन्दा बढी संक्रमणमुक्त भइसकेका छन्। अधिकारीहरूका अनुसार अरु नौ लाख ६१ हजार भन्दा बढी अझै पनि संक्रमित अवस्था मै रहेका छन्।

भारतमा सबैभन्दा बढी महाराष्ट्र प्रदेश प्रभावित भएको छ । महाराष्ट्रमा मात्रै अहिलेसम्म कोरोनाकै कारणले २८ हजार जनाको मृत्यु भएको छ। महाराष्ट्रमा अहिले पनि दुई लाख ६१ हजार ७९८ जना सक्रिय संक्रमित अवस्थामै रहेको अधिकारीहरुले जानकारी दिएका छन् ।

त्यसैगरी आन्द्र प्रदेश दोस्रो धेरै प्रभावित प्रदेशमा पर्दछ । जहाँ अहिलेपनि ९७ हजार ३३८ जना सक्रिय संक्रमितहरु रहेका छन् भने चार हजार ७०२ जनाको कोरोनाकै कारण मृत्यु भएको छ । कुल ४८ हजार ४८२ जना सक्रिय संक्रमितहरु रहेको तमिल नाडु भारतको तेस्रो धेरै प्रभावित प्रदेशमा पर्दछ । नमिल नाडुमा मात्रै कोरोनाका कारण अहिलेसम्म आठ हजार १५४ जनाको मृत्यु भएको छ । त्यसपछि धेरै प्रभावित प्रदेशहरुमा कर्नाटक र दिल्ली प्रदेश रहेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

त्यस्तै विश्वभरि कोरोना भाइरसको संक्रमणबाट अहिलेसम्म नौ लाख २० हजार ५ सय भन्दा बढीको मृत्यु भएको छ । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) लगायतका विभिन्न निकायहरुले सार्वजनिक गरेका विवरणहरुका अनुसार विश्वभरि अहिलेसम्म दुई करोड ८६ लाख ८० हजार भन्दा बढी कोरोना भाइरसबाट संक्रमित भएका छन् । विश्वमा कोरोना भाइरसबाट संक्रमित भएर पनि अहिले संक्रमणमुक्त भएकाहरुको संख्या भने दुई करोड पाँच लाख ९४ हजार ८ सय नाघेको छ ।

हाल विश्वमा ७१ लाख ६४ हजार १ सय भन्दा बढी व्यक्ति कोरोना भाइरसबाट संक्रमित अवस्थामै रहेका छन् । तीमध्ये ७१ लाख तीन हजार २ सय भन्दा बढीको अवस्था सामान्य रहेको जनाएको छ । त्यसैगरी ६० हजार ८ सय भन्दा बढीको अवस्था भने गम्भीर रहेको पाइएको छ । अनुपातमा हेर्दा कूल संक्रमितमध्ये झण्डै ९९ प्रतिशत संक्रमितको अवस्था सामान्य रहेको छ भने एक प्रतिशतको अवस्था मात्रै गम्भीर रहेको छ ।

चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यमा पहिलो पटक देखिएको कोरोना भाइरस अहिले विश्वका २१५ देशमा देखिएको छ । यसको संक्रमण विश्वभरि नै फैलिएपछि अहिले महामारीको रुप लिएको छ।

कोरोना भाइरसबाट बढी प्रभावित भएका देशहरुमध्ये संयुक्त राज्य अमेरिका सबैभन्दा अगाडि रहेको छ । कोरोना भाइरसबाट अन्त्यत प्रभावित देशको डब्लुएचओद्वारा प्रकाशित तथ्याङ्क अनुसार अमेरिकामा ६६ लाख ३६ हजार २ सय भन्दा बढीमा कोरोना भाइरसको संक्रमण देखिएको छ । तीमध्ये एक लाख ९७ हजार ४ सय भन्दा बढीको मृत्यु भएको छ।

ब्राजिलमा ४२ लाख ८३ हजार ९ सय भन्दा बढी कोरोना भाइरसबाट संक्रमित हुँदा एक लाख ३० हजार ४ सय भन्दा बढीको मृत्यु भएको तथ्याङ्क छ। रुस १० लाख ५७ हजार ३ सय भन्दा बढी कोरोना भाइरसबाट संक्रमित भएका छन्। यहाँ कोरोनाकै कारण अहिलेसम्म १८ हजार ४ सय भन्दा बढीको मृत्यु भएको छ।

पेरुमा भने संक्रमित भएकाहरुको संख्या सात लाख ६१ हजार ६ सय भन्दा बढी रहेको छ। संक्रमित भएकाहरुको संख्या रुसको भन्दा थोरै रहे पनि मृत्यु भएकाहरुको संख्या भने रुसमा भन्दा पेरुमा धेरै रहेको छ। पेरुमा कोरोनाका कारण तीस हजार ४ सय भन्दा बढीको मृत्यु भएको छ।

त्यसैगरी कोलम्बिया सात लाख दुई हजार ८८, मेक्सिको छ लाख ५८ हजार २९९, दक्षिण अफ्रिका छ लाख ४६ हजार ३९८, स्पेन पाँच लाख ७६ हजार ६९७ र अर्जेन्टिनामा पाँच लाख ३५ हजार ७०५ जना संक्रमित भएका छन् ।

# मालीमा हतियारधारीद्वारा ८ सर्वसाधारणको हत्या




**काठमाडौं/एजेन्सी–** मालीको मध्य क्षेत्रको एक गाउँमा सशस्त्र हतियारधारीले आक्रमण गरी कम्तीमा पनि आठ जना सर्वसाधारण नागरिकको हत्या गरेका यहाँका स्थानीय सञ्चारमाध्यमले शुक्रबार जनाएका छन् ।

मालीको मध्य क्षेत्रीय शहर बंकास नजिकैको एक गाउँमा हतियारधारीहरुले बुधबार सो हमला गरेका थिए । ती अज्ञात हतियारधारीले गरेको आक्रमणमा आठ जना मारिएका र अरु तीन जना नराम्ररी घाइते भएका बताइएको छ।

सो क्षेत्रमा ठूलो संख्यामा सैनिक खटिरहेका थिए । यसकारण पनि विगत लामो समयदेखि त्यहाँ शान्ति रहेको थियो । तर बुधबार ती अज्ञात व्यक्तिहरु निकै ठूलो संख्यामा मोटरसाइकलमा आएका र गोली बर्साएका थिए ।

उनीहरुले सो गाउँका कैयौं घरमा आगो लगाएका थिए। रातिको समयमा भएको सो हिंसामा गाउँलेहरुबीच त्रास फैलिएको थियो । उक्त हिंसा कसले र किन गरेको हो भन्ने बारेमा भने केही बताइएको छैन ।

# इजरायल र बहराइनबीच शान्ति सम्झौता




**काठमाडौं/एजेन्सी–** इजरायल र खाडी देश बहराइन एकअर्काबीच सम्बन्ध सामान्य बनाउन सहमत भएका छन् । अमेरिकाको पहलमा इजरायल र खाडी देशबीच 'शान्ति सम्झौता' भएको हो । यसको जानकारी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प स्वयंले दिएका छन्। ट्रम्पले ट्वीट गर्दै ३० दिनभित्र इजरायलसँग शान्ति सम्झौता गर्ने बहराइन दोस्रो देश भएको बताएका छन् ।

एक महिनाअघि अमेरिकाकै पहलमा इजरायल र संयुक्त अरब इमिरेट्स (युएई)बीच ऐतिहासिक शान्ति सम्झौता भएको थियो । यसको औपचारिक हस्ताक्षर आउँदो मंगलबार वाशिङ्गटन डिसीमा हुँदै छ ।

दशकौंदेखि धेरैजसो अरब देशहरुले इजरायललाई बहिस्कार गर्दै आएका छन् । उनीहरु प्यालेस्टिनी विवाद समाधान गरेपछि मात्रै इजरायलसँग सम्बन्ध स्थापित गर्नुपर्ने बताउँछन्। इरानले इजरायलसँग शान्ति सम्झौता गरेर युएईले मुस्लिम देशहरुलाई धोका दिएको आरोप लगाउँदै आएको छ।

हालै युएईले इजरायलसँग सम्बन्ध सुधारको सम्झौता गरेपछि अब बहराइनले पनि त्यस्तै गर्छ भन्ने अड्कलबाजी सुरु गरिएको थियो। इजरायल-प्यालेस्टिनी संघर्ष समाधान गर्ने उद्देश्यले ट्रम्पले जनवरीमा मध्यपूर्व शान्ति योजना सार्वजनिक गरेका थिए । सोही योजनाअनुसार ट्रम्प इजरायल-युएई र इजरायल-बहराइनबीच सम्झौता गराउन सफल भएको बताइएको छ ।

सम्झौतापछि इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतन्याहुले शुक्रबार बहराइनसँग पनि शान्ति सम्झौता भएपछि आफू उत्साहित भएको प्रतिक्रिया दिएका छन् । उनले भनेका छन्, 'यो शान्तिको नयाँ युग हो । शान्तिका लागि शान्ति । अर्थव्यवस्थाका लागि अर्थव्यवस्था । हामीले धेरै वर्षदेखि शान्तिका लागि कोसिस गर्यौं । अब शान्तिले हाम्रा लागि कोसिस गर्ने छ ।'

युएईले पनि इजरायल-बहराइन शान्ति सम्झौताको स्वागत गरेको छ । युएईको विदेश मन्त्रालयले विज्ञप्ति निकालेर भनेको छ, ' एक अर्को महत्वपूर्ण र ऐतिहासिक उपलब्धि, जसले क्षेत्रीय स्थिरता र समृद्धिमा धेरै ठूलो योगदान दिने छ ।'

## जापानमा ६.१ म्याग्निच्युडको भूकम्प

**काठमाडौं/एजेन्सी–** जापानमा ६.१ म्याग्निच्युडको भूकम्प गएको छ । मियागी क्षेत्रमा आज भूकम्प गएको त्यहाँको भू-गर्भ क्षेत्रमा कार्यरत अधिकारीहरुले जानकारी दिएका छन् । स्थानीय समयअनुसार विहान ११.४४ बजे भूकम्पको धक्का महसुस गरिएको उनीहरुले बताएका छन्। भू-गर्भविद्हरुले दिएको जानकारीअनुसार जमिनको ४० किलोमिटर गहिराइबाट कम्पन भएको थियो ।

अहिले आएको भूकम्पपछि कुनै आँधीको सम्भावना भने नदेखिएको विज्ञहरुले बताएका छन् । यो भूकम्पका कारण कुनै मानवीय तथा भौतिक क्षति भएका विवरण पनि प्राप्त नभएको अधिकारीहरुले जनाएका छन् । एसियाको विकसित मुलुक जापानमा भूकम्प धेरै जाने गरेको छ । भूकम्पका कारण हरेक वर्ष धेरै जनधनको क्षति पनि हुने गरेको छ ।


## विशेष साधारणसभा सम्बन्धी सूचना

यस निहारिका कलेज अफ म्यानेजमेन्ट एण्ड इन्फरमेसन प्रा.लि.को विशेष साधारणसभा निम्न मिति र समयमा हुने भएकोले उपस्थितिका लागि अध्यक्ष लगायत सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई हार्दिक अनुरोध गरिन्छ ।

**मिति: २०७७/०६/०१**
**स्थान: निहारिका कलेजको सभाहल विराटनगर, वरगाछी, मोरङ**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७३/०६/१२ मा दर्ता भएको **प्रा.लि. नं. १५६७६८** को **आजु भेहिकल सर्भिस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०५/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### नेपाल स्याप बिल्डर्स प्रा.लि.को हकदाबी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वरमा मिति २०७३/१२/२१ मा दर्ता भएको नेपाल स्याप बिल्डर्स प्रा.लि. (प्रा.लि. नं. १६६५९४) को मिति २०७७/०५/२६ को विशेष साधारणसभाले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बानेश्वर, काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडी बढाई दर्ता खारेज गरिनेछ ।

**लिक्वीडेटर: श्रीधर न्यौपाने**
**इजाजतपत्र नं. २३८, फोन नं. ९८४१२५६६८५**

## त्रिपुरासुन्दरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**सल्यानटार, धादिङ**
**बागमती प्रदेश, नेपाल**
अनुसूची – २ क
(दफा ४ को उपदफा (५) सँग सम्बन्धित )

## नदीजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०५/२८)

त्रिपुरासुन्दरी गाउँपालिकाको क्षेत्रभित्र रहेका नदीजन्य पदार्थको स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७२ क. को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम स्विकृत IEE प्रतिवेदनले तोकेको क्षेत्रहरुवाट नदीजन्य पदार्थ उत्खनन् गरी त्रिपुरासुन्दरी गाउँपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र, कर चुक्त प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संकलन गरी तपशिल बमोजिम सर्तहरुको आधारमा रहि बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ (ebid only) ।

### तपशिल

| सि. नं | सूचना नं. बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट ) | न्युनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक ) | धरौटी रकम | बोपलत्र दस्तुर (रू.) |
|---|---|---|---|---|---|---|
| १ | राजश्व/१/०७७/७८ | मन्पाङ्ग, काष्टेखोला, बुढीगण्डकी, आरुघाट, पटकेघारी (खण्ड क) | ३,२६,२९५/- | १७,००,०००/- | ८५,०००/- | १,०००/- |
| २ | राजश्व/२/०७७/७८ | बुढीगण्डकी, बुट्टार-पाँचधारे (खण्ड ख) | ६,७१,७८५/- | ३५,००,०००/- | १,७५,०००/- | १,०००/- |
| ३ | राजश्व/३/०७७/७८ | टारीवेंसी पुल देखि मसार डन्टार (खण्ड ग) | ७,६७,७५४/- | ४०,००,०००/- | २,००,०००/- | १,०००/- |
| ४ | राजश्व/४/०७७/७८ | लपाङहाइड्रो वगुवा खोला (खण्ड घ) | ४,२२,२६४/- | २२,००,०००/- | १,१०,०००/- | १,०००/- |

### शर्तहरू

फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फार्म दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा मेगा बैंक त्रिपुरासुन्दरी शाखा कार्यालयमा रहेको यस कार्यालयको संचित खाता नं ०९४००१०००७४४९ मा नगद जम्मा गरेको नगद भौचर र निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनमा तोकिएको समय भित्र विद्युतीय माध्यामबाट सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatara.gov.np बाट भौचरलाई बोलपत्रसँग सम्बन्धित कागजातका साथ संलग्न गरि बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ ।

बोलपत्र सम्बन्धित फार्म भर्दा कवोल रकम अक्षर र अंकमा प्रष्ट उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ, आफुले कवोल गरेको अंकको तोकिए बमोजिमको धरैटी रकम यस कार्यालयको मेगा बैंक त्रिपुरासुन्दरी शाखा कार्यालयमा रहेको धरैटी खाता नं. ०९४००१००३७०७५ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बन्ड र अन्य आवश्यक कागजातसहित सार्वजनिक खरिद अनुगमन कार्यालयको www.balpatara.gov.np मा पेश गर्नुपर्नेछ ।

तोकिएको बोलपत्र फार्महरुमा उल्लेख भएका सबै विवरणहरु भरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनको तोकिएको समय भित्र विद्युतीय प्रति दर्ता गर्नुपर्नेछ ।

एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रित पूर्वक पर्न आएको बोलपत्र सम्बन्धी कागजातहरु पेश गरिने अन्तिम दिनको भोलिपल्ट तोकिएको समयमा विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायि तथा निजको प्रतिनिधिहरुको रोवहरुमा यस कार्यालयमा खुलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खुल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन, उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

प्रि.बिड बैठकको सूचना प्रकशित मितिले १५ औ दिन दिनको १२ बजे यस गाउँपालिकाको कार्यालयमा हुनेछ। इच्छुक बोलपत्र दाताहरुको उक्त बैठकमा भाग लिई यस सम्बन्धमा बिस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोहि समयमा हुनेछ ।

बोलपत्र सम्बन्धी बिस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोहि पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धित सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र तथा अन्य आवश्यक कागजात समेत लिई सम्पूर्ण कबोल अंक मेगा बैंक त्रिपुरासुन्दरी शाखा कार्यालयमा रहेको यस कार्यालयको संचित खाता नं ०९४००१०००७४४९ मा नगद जम्मा गर्ने वा कबोल अंकको प्रथम किस्ता बापत २५ प्रतिशतले हुने रकम संचित खातामा नगद जम्मा गरेको भौचर र बाँकी ७५ प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट कार्यालयको नाममा २०७८ साल साउन मसान्तसम्म म्याद सहित गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बोन्ड) समेत पेश गरि सम्झौता गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गरिने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनु पर्नेछ ।

तोकिएको म्याद भित्र ठेक्का उठाउन नआएमा राखिएको धरैटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, जारी भएका कानून तथा प्रदेश कानून तथा अन्य सञ्चालित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अगं मानिनेछ ।

(नोट विस्तृत जानकारीको लागि यस कार्यालयको website www.tripurasundarimundhading.com.np मा समेत हेर्न सकिनेछ ।)

**प्रमुख प्रशासकीय अधिकृत**